# स्थितीपत्र

# (Status Paper)

# २०७९



## मुक्त कमलरी विकास मञ्च

### केन्द्रीय कार्यालय

घोराही-१७, दाङ

# मन्तव्य

बालबालिकाले कुनै पनि समाजको वर्तमान र भबिस्यको प्रतिनिधित्व गर्छन् । बिश्वभर नै बालबालिकालाई निकै महत्वपूर्ण जनशक्तीका रुपमा लिइन्छ । संयुक्त राष्ट्रसंघको महासभाबाट सन् १९८९ नोभेम्बर २० मा बालअधिकार महासन्धि पारित भई नेपालले पनि उक्त बालअधिकार महासन्धिलाई सन् १९९० को सेप्टेम्बर १४ मा अनुमोदन गरेको छ ।

अहिले बालअधिकारको विषय राष्ट्रिय तथा अन्तराष्ट्रिय चासोको विषय बनेको छ । बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागिता बालबालिकाको भलाईका लागि अति आबश्यक बालअधिकार हुन् । नेपालमा धेरै यस्ता बालबालिका छन् जो गरिबीको कुचक्रमा पिल्सिरहेका छन् । यही कारण उनीहरू एकातिर शिक्षा पाउनबाट वञ्चित छन् भने अर्कोतिर स्वास्थ्य, मनोरञ्जन जस्ता आधारभूत बाल अधिकारबाट पनि टाढै रहन बाध्य छन् । यही कारण उनीहरूको चौतर्फी विकासमा बाधा पुगिरहेको छ ।

नेपालको पश्चिम तराईका दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा विद्यमान कमलरी प्रथा उन्मूलनका लागि लामो समय निकै संघर्ष गर्नुपऱ्यो । बाआमाको काखमा बसेर शिक्षा आर्जन गर्ने समयमा थारु समुदायका हजारौं बालिकाहरु मालिकका घरमा कमलरीका रुपमा काम गर्न बाध्य भए । उनीहरुको मुक्ती र पुनर्स्थापनाका लागि शुरुमा सामाजिक संस्थाहरुले अगुवाई गरे । पछि मुक्त कमलरी संगठित भएर मुक्त कमलरी विकास मञ्च गठन गरियो र यो संस्था पाँचै जिल्लामा क्रियाशिल छ ।

मुक्त कमलरीहरु अनेक दुःख, पीडा सामना गर्दै निरन्तर कमलरी मुक्ती र मुक्त कमलरीको शिक्षा, स्वास्थ्य, आयआर्जन, सशक्तिकरणमा क्रियाशिल छन् । मुक्त कमलरीका वर्तमान अबस्था कस्तो छ ? मुक्त कमलरीका मुख्य, समस्या तथा सवाल के हुन् ? मुक्त कमलरीलाई आबश्यक कार्यक्रम के कस्तो हो भन्ने कुराको संक्षिप्त जानकारी दिन यो स्थितीपत्र तयार पारिएको छ ।

यो स्थितीपत्र तयारी गरेर महत्वपूर्ण योगदान गर्नुहुने लेखक तथा पत्रकार **दुर्गालाल केसी**प्रति म धेरै नै आभारी छु । यस पुस्तकले मुक्त कमलरीको अबस्था चित्रण गर्न धेरै नै सहयोग पुऱ्याउनेछ भन्ने अपेक्षा गरेको छु । पुस्तक तयारीका क्रममा महत्वपूर्ण सुझाव दिएर, आबश्यक जानकारी दिएर र मुक्त कमलरीको अबस्था बिश्लेषणको छलफलमा सहभागी भएर सहयोग गर्नुहुने मञ्चका सल्लाहकार, कार्यक्रम प्रबन्धक, केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरु, पाँचै जिल्लाका मुक्त कमलरी अगुवा, सरोकारवाला र सहयोगी दातृ संस्था आईएम् नेपाललाई पनि धेरै नै धन्यवाद् दिन चाहन्छु ।

धन्यवाद् ।

........................

**बिष्णु कुमारी चौधरी**
कार्यवाहक अध्यक्ष
मुक्त कमलरी विकास मञ्च
केन्द्रीय समिति

# बिषयसूची


| शिर्षक | पेज नं. |
|---|---|
| **खण्ड-१ : परिचय** | |
| १.१ स्थितीपत्रको परिचय | ४ |
| १.२ स्थितीपत्र निर्माणको पृष्ठभूमि | ४ |
| १.३ स्थितीपत्र निर्माणको उद्देश्य | ५ |
| १.४ स्थितीपत्र निर्माणका विधिहरु | ५ |
| १.५. स्थितीपत्रको उपयोगिता | ५ |
| १.६. स्थितीपत्रका सीमाहरु | ५ |
| १.७. कानूनी प्रावधान र आधारहरु | ५-७ |
| **खण्ड-२ : मुक्त कमलरीको विगत र वर्तमान** | |
| २.१. पृष्ठभूमी | ८ |
| २.२ कमलरी मुक्तीको आवाज | ९ |
| २.३ कमलरीमाथि भएका घटना | ९-१० |
| **खण्ड-३ : हालको अबस्था बिश्लेषण** | |
| ३.१. मुक्त कमलरीको अबस्था | ११ |
| ३.२. परिचयपत्र पाए नपाएको अबस्था | ११ |
| ३.३. छुट कमलरीको विवरण | १२ |
| ३.४. छात्रावासको विवरण | १२ |
| ३.५. शैक्षिक अबस्था | १३ |
| ३.६. रोजगारीको अबस्था | १४ |
| ३.७. सहकारीको अबस्था | १५ |
| **खण्ड-४ : अबस्था बिश्लेषण** | |
| ४.१. मुक्त कमलरीको अबस्था बिश्लेषण | १६-२० |
| ४.२. नेतृत्वमा सहभागिता | २१ |
| ४.३. छात्रवृत्ती रकम र आबश्यकता | २१ |
| ४.४. मुख्य, सवाल, समस्या तथा चुनौतीहरु | २२-२३ |
| ४.५. सुझाव तथा निष्कर्ष | २४-२६ |

# खण्ड-एक
# परिचय

## १.१. परिचय :

कमलरी भन्नाले कुप्रथा, कुसंस्कार, कुरीति वा आर्थिक समस्याका कारणले अर्काको घरमा काम गर्न बाध्य थारू समुदायका किशोरी तथा बालिकाहरूलाई जनाउँछ । आफ्नो परिवारले वा पूर्खाले लिएको ऋण वा सोको ब्याज तिर्नका लागि, अधिया जग्गा कमाएबापत वा खान/लाउन मात्र दिने जस्ता निश्चित सर्त र बन्देजमा बिनाज्याला या न्यून ज्यालामा काम गराउन कमलरी राख्ने गरिन्छ ।

कुनै मालिक वा मध्यस्थकर्ता र अभिभावक वा स्वयम् कमलरीबीच लिखित वा मौखिक सम्झौता भई निश्चित समयावधिका लागि अर्काको घरमा काम गर्न पठाइएका वा काममा लगाइएका थारु समुदायका किशोरी तथा बालिका नै कमलरी हुन् । अन्य समुदायका बालिका या किशोरीलाई काममा लगाएमा उनीहरुलाई कमलरी मानिदैन, उनीहरु बालश्रमिक या श्रमिक मानिन्छन् । कमैया, कमलरी प्रथा थारु समुदायको परम्परा र जीवनसँग जोडिएको महत्वपूर्ण पक्ष हो ।

बालबालिकाहरु शारीरिक, मानसिक, सामाजिकरुपमा परिपक्व भैसकेका हुँदैनन् । उनीहरुलाई बिशेष स्याहार, हेरचाह र सुविधाको जरुरत पर्छ । उनीहरुलाई बाँच्नका लागि चाहिने आधारभूत कुरा दिनु, स्वास्थ्य सेवा पुऱ्याउनु, गुणस्तरिय शिक्षा दिनु, हेला, शोषण र दुव्यर्वहारबाट जोगाउनु तथा उनीहरुकै अर्थपूर्ण सहभागीता जस्ता कुराहरुलाई ग्यारेण्टी गर्नु वयस्कहरुको दायित्व हो तर कमलरी बालिकाहरुका सवालमा बालअधिकारका कुनै पनि पक्ष लागू हुन नसकेको देखिन्छ ।

संयुक्त राष्ट्रसंघको महासभाले सन् १९८९ मा बालअधिकार सम्बन्धी महासन्धी पारित गऱ्यो । बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागितालाई नेपाल लगायत विश्वभरका मुलुकहरुमा बाल अधिकारका मुलभुत सवालका रुपमा लिईएको छ । यस्ता सवालहरुलाई स्थानीय तहको नीति, संरचना, प्रणाली, कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने उद्धेश्यसहित बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र कार्यान्वयन कार्यबिधि २०६८ तथा बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ लागू भएको छ ।

बालश्रम निषेध र नियमित गर्ने ऐन २०५६, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४, बालबालिका सम्बन्धी ऐन २०७५ पनि जारी भई कानूनीरुपमा बालबालिकाको अधिकार संरक्षण भएको छ । नेपाल सरकारले पनि २०५७ साउन २ गते कमैया र २०७० असार १३ मा देशलाई कमलरी मुक्त घोषणा गरेको छ तर पनि कमलरीको जीवनमा अपेक्षा अनुसारको सुधार र परिवर्तन हुन सकेको छैन । हाल कमलरीको अबस्था के कस्तो छ भन्ने संक्षिप्त चित्रण गर्न यो स्थितीपत्र तयार पारिएको छ ।

## १.२. स्थितीपत्र निर्माणको पृष्ठभूमी :

कुनै पनि व्यक्ति, संस्था, घटना, प्रक्रिया वा गतिबिधिको यथार्थ स्थिती, तथ्य वा विस्तृत विवरणको चित्रण गर्नु निकै आबश्यक हुन्छ । आवश्यकता परेको बेला र समयमा सूचना प्राप्त गर्न स्थितीपत्रमार्फत सूचना व्यवस्थापन गरिन्छ । व्यवस्थित गरिएको सूचना आवश्यक मात्रामा निकाल्न र प्रयोग गर्न सकिने खालको हुनुपर्दछ । सूचना व्यवस्थापन नगर्दा कुनै पनि योजना तथा कार्यक्रम निर्माणमा समस्या हुन्छ ।

सूचनाको अभावमा मुख्य विषय छुट्ने वा ओझेलमा पर्ने सम्भावना हुन्छ । त्यसकारण सूचना व्यवस्थापन एक महत्वपूर्ण कार्य हो । कमलरीका क्षेत्रमा काम गर्ने निकाय, सरकोकारवाला र सहयोगी निकायलाई योजना निर्माण गर्न सहज होस् भन्ने उद्देश्यले यो स्थितीपत्र तयार गरिएको छ । स्थितीपत्रको आधारमा प्राथमिकता निर्धारण गरी मुक्त कमलरीको वास्तविक आवश्यकता र चाहनामा आधारित कार्यक्रम संचालन गर्न तथा भविष्यका लागि पूर्व तयारी गर्न समेत यसले सहयोग पुऱ्याउनेछ ।

## १.३. स्थितीपत्र निर्माणको उद्धेश्य :

मुक्त कमलरी विकास मञ्चको स्थितीपत्र निर्माणका निम्न उद्धेश्यहरु रहेका छन् :

क) मुक्त कमलरीको यथार्थ अबस्थाबारे वस्तुगत विवरण तयार पार्ने ।

ख) मुक्त कमलरीका सवालहरु पहिचान गर्ने ।

ग) मुक्त कमलरीका क्षेत्रमा आबश्यक योजना निर्माणमा सहयोग पुऱ्याउने ।

घ) मुक्त कमलरीका बिषयमा चासो राख्ने व्यक्ति, संस्था, सरकार, सरोकारवाला, अध्ययन अनुसन्धानकर्तालाई वस्तुपरक तथ्य उपलब्ध गराउने ।

ङ) प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गर्न सहयोगी र साझेदार निकायलाई सहयोग पुऱ्याउने ।

## १.४. स्थितीपत्र निर्माणका बिधिहरु :

स्थितीपत्र निर्माणका लागि मुक्त कमलरी, सरोकारवाला, बिज्ञ र सहयोगी निकायहरुसँग सहकार्य र समन्वय गर्दै निम्न बिधिहरु अवलम्वन गरिएको छ :

क) दस्तावेज अध्ययन

ख) अन्तर्क्रिया

ग) लक्षित समूह छलफल

घ) स्थलगत अध्ययन अवलोकन

ङ) SWOT बिश्लेषण

## १.५. स्थितीपत्रको उपयोगिता

यो स्थितीपत्र गहनरुपमा सूचना संकलन र त्यसको बिश्लेषण गरी तयार गरिएको छ । यो स्थितीपत्रले पश्चिम तराईमा मुक्त कमलरीको अबस्थाको यथार्थ चित्रण गर्नुका साथै नीतिनियम, योजना र कार्यक्रम निर्माणमा मार्गदर्शन गर्नेछ । यसमा मुक्त कमलरीको आबश्यकता पहिचान गरी उनीहरुका सबल पक्ष, कमजोर पक्ष, अवसर र सम्भावनाहरुको समेत बिश्लेषण गरिएको छ । यसले मुक्त कमलरीको क्षेत्रमा प्रभावकारी र दिगो काम गर्न उचित बाटो देखाउनेछ ।

## १.६. बस्तुस्थिती पुस्तकका सीमाहरु

यो स्थितीपत्र मुक्त कमलरीको हालको अबस्था चित्रण गर्ने पुस्तक भएकाले मुक्त कमलरीको अहिलेको अबस्था, समस्या र समाधानका उपायहरुको स्थिती प्रष्ट पार्ने विवरण वाहेक यसमा अन्य पक्षहरु समेटिएको छैन ।

## १.७. कानूनी प्रावधान र आधारहरु :

यो स्थितीपत्र तयार पार्दा बिभिन्न कानूनी प्रावधानहरुलाई पनि आधार बनाइएको छ । बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९ र नेपालको संविधान २०७२ का साथै अन्य बिभिन्न ऐन नियमले बालबालिकाको अधिकारको व्यवस्था गरेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा बालबालिकालाई प्राथमिकतामा राखेर योनजा छनौट गर्नुका साथै बालमैत्री वडा घोषणा गर्ने कुरा उल्लेख छ । जसमा कमलरीमुक्त समाज निर्माण गर्ने कुरा पनि बालमैत्री घोषणाको सूचकमा पर्दछ । स्थानीय तह जनताको नजिकमा रहेर सेवा प्रवाह गर्ने निकायको रुपमा स्थापित भैसकेका छन् । यस सन्दर्भमा बालअधिकारको विषयलाई स्थानीय तहको समग्र कार्य पद्धति र प्रणालीमा अर्न्तभूत गर्दै कार्यान्वयनमा लैजान उपयुक्त देखिन्छ । कमलरी पनि बालअधिकारको क्षेत्रमा पर्ने भएकाले यसमा स्थानीय तहको ध्यान जान आबश्यक छ ।

कमलरी राख्नेलाई कारबाही गर्न सकिने प्रशस्त कानुन छन् । त्यसको प्रभावकारी कार्यान्वयनमा भने समस्या देखिएको छ । कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन २०५८ ले कमैया कमलरी राख्न पूर्ण बन्देज लगाएको छ । ऐनको दफा १६ को उपदफा १ मा कमैया कमलरी राख्नेलाई १५ देखि २५ हजार रुपियाँसम्म जरिवाना र कमैया कमलरीले ऐन अनुसार पाउने ज्यालाको दोब्बर ज्याला भराइपाउने व्यवस्था छ । बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ को दफा १९ अनुसार कसैले १४ वर्षमुनिका बालबालिकालाई काममा लगाएमा निजलाई तीन महिनासम्म कैद वा १० हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ ।

बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ७ को उपदफा ९ मा चौध बर्षमुनिका बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन वा घरेलु कामदार वा कमलरीको रुपमा राख्नु हुँदैन भन्ने उल्लेख छ । मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ को दफा १५ मा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा बालबालिका ओसारपसार गर्नेलाई १० देखि १२ वर्षसम्मको कैद र एक लाख रुपियाँ जरिवाना गर्ने व्यवस्था छ ।

त्यस्तै अपराध संहिता २०७४ को दफा १६२ मा कसैले कसैलाई निजको इच्छा बिरुद्ध काममा लगाउन नहुने व्यवस्था छ यस्ता कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने व्यवस्था छ । दफा १६३ मा दास बनाउन नहुने शिर्षक अन्तर्गत कसैले कुनै व्यक्तिलाई दास वा कमारा, कमारी बनाउन, त्यस्तो हैसियतमा राख्न, काममा लगाउन वा सो सरहको अन्य कुनै पनि व्यवहार गर्न वा गराउन नहुने व्यवस्था छ । यस्तो कसूर गर्ने वा गराउने व्यक्तिलाई पाँचदेखि दश वर्षसम्म कैद र पचास हजारदेखि एक लाख रुपैयाँसम्म जरिबाना हुने प्रावधान छ ।

यसैगरी अपराध संहिताको दफा १६४ मा बन्धक बनाउन वा बाँधा राख्न नहुने शिर्षक अन्तर्गत कसैले कुनै व्यक्तिलाई कुनै पनि प्रकारको प्रतिफल बापत कमैया राख्न वा बन्धक बनाउन वा बाँधा राख्न वा बाँधाको हैसियतमा काममा लगाउन वा सो सरहको अन्य कुनै पनि प्रकारको व्यवहार गर्न वा गराउन हुँदैन भन्ने व्यवस्था छ । यस्तो कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षदेखि सात वर्षसम्म कैद र तीस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना हुने व्यवस्था छ ।

संयुक्त राष्ट्रसंघीय मानवअधिकार परिषद् अन्तर्गत ३७ औं बैठकमा २०७७ माघ ८ गते नेपाल बारेको प्रतिवेदनमा छलफल भयो । परिषद्को २०७८ असार ७ देखि २५ सम्म भएको ४७ औं बैठकमा कार्यदलको प्रतिवेदन उपर नेपाललाई प्राप्त सुझावहरु नेपाल सरकारले ग्रहण समेत गरिसकेको छ । नेपाल सरकारले कार्यदलको प्रतिवेदनमा उल्लेख गरिएको २ सय ३३ सिफारिशमध्ये १ सय ९६ सिफारिशहरु पूर्णरुपले स्विकार गरेको छ ।

'बिश्वव्यापी आबधिक समिक्षा : कार्यसमूहको प्रतिवेदन नेपाल' मा नेपालले सन् २०२२ सम्म चरम बालश्रम र २०२५ सम्म सबै प्रकारका बालश्रमको अन्त्य गर्ने लक्ष्य राखेको उल्लेख गरेको छ । प्रतिवेदनमा बालश्रम उन्मुलन सम्बन्धी राष्ट्रिय गुरुयोजना २०७७/०७८ देखि २०८१/०८२ कार्यान्वयन गर्न अन्तर एजेन्सी कार्य समूह.स्थापना गरिएको उल्लेख छ ।

प्रतिवेदनमा भएको टिप्पणीका क्रममा बिभिन्न देशले दिएका सुझावहरुलाई नेपालले स्विकार गरेको छ । मोन्टेनेग्रोले सबै अबस्थाहरुमा बालबालिकामाथि हुने यातना र दुर्व्यवहारको अन्त्य गर्न यसका

प्रयासहरुलाई बलियो बनाउन दिएको सुझावलाई नेपालले स्विकार गरेको छ । मानव बेचबिखन र दासत्वको लागि जिम्मेवार व्यक्तिहरूलाई न्यायको दायरामा ल्याइने कुरालाई सुनिश्चित गर्न बुर्किना फासोले दिएको सुझावलाई नेपालले ग्रहण गरेको छ ।

यस्तै मानव बेचबिखन र सबै प्रकारका दासत्व र बेचबिखन रोक्ने प्रयासहरू तीव्र पार्न साइप्रसले दिएको सुझावलाई पनि नेपालले स्विकार गरेको छ। मानव बेचबिखन, दासत्व, यौन शोषण र जबरजस्ती श्रम रोक्ने प्रयासहरूलाई सुदृढ गर्ने कार्य जारी राख्न फिजीले दिएको सुझाव पनि नेपालले ग्रहण गरेको छ। मानव बेचबिखन र बालश्रम लगायतका सबै प्रकारका शोषणलाई रोक्न र पीडितहरूको प्रारम्भिक पहिचानमा सहयोग गर्दै पीडकहरूलाई न्यायको घेरामा ल्याइने प्रयासलाई तीव्रता दिन होली सी ले दिएको सुझावलाई नेपालले स्विकार गरेको छ।

मानव बेचबिखन, दासत्व र यौन शोषणलाई रोक्ने प्रयास जारी राख्न इराकले दिएको सुझाव तथा मानव बेचबिखन, दासत्व, यौन शोषण, जबरजस्ती श्रम र बालश्रम लगायत रोक्ने प्रयासहरू बढाउन मलेसियाले दिएको सुझाव पनि नेपालले स्विकार गरेको छ । मानव बेचबिखन, दासत्व, यौन शोषण र जबरजस्ती श्रम निवारण गर्न तीव्र कदमहरू चाल्न मोन्टेनेग्रोले दिएको सुझाव तथा बालबालिकाहरूमा विशेष जोड दिँदै मानव बेचबिखन र बन्धक श्रम अभ्यासहरू अन्त्य गर्न थप कदमहरू चाल्न नर्वेले दिएको सुझावलाई पनि नेपालले स्विकार गरेको छ।

मानव बेचबिखन, दासत्व, यौन शोषण र जबरजस्ती श्रमविरुद्ध लड्न थप प्रयासहरूमा लगानी गरी यी अपराधहरूका दोषीहरूविरुद्ध प्रतिबन्ध नीति प्रभावकारी रूपमा सञ्चालन गर्न सर्बियाले दिएको सुझाव पनि नेपालले स्विकार गरेको छ । सबै बालबालिकाको लागि अनिवार्य र निःशुल्क शिक्षामा पहुँच सुनिश्चित गर्न फ्रान्सले दिएको सुझाव तथा हानिकारक परम्परागत अभ्यासहरू उन्मूलन गर्न कानुनलाई पूर्णरूपमा कार्यान्वयन गर्न र नीतिगत उपायहरूलाई बलियो बनाउन बहामासले दिएको सुझावलाई पनि नेपालले स्विकार गरेको छ।

महिलाविरुद्धको भेदभाव र सबै प्रकारका यौन हिंसाविरुद्ध लड्न र बालविवाह र बालश्रम उन्मूलन गर्ने प्रयास जारी राख्न इजिप्टले दिएको सुझाव तथा महिला र बालिकाको समाजमा सशक्तिकरण गर्ने र अधिकार प्रवर्द्धन गर्ने प्रयास जारी राख्न इरानले दिएको सुझाव पनि नेपालले स्विकार गरेको छ। यस्तै हानिकारक अभ्यास, मानव बेचबिखन र बालश्रम उन्मूलन गर्न विद्यमान कानुन र नीतिहरूको कार्यान्वयनलाई बलियो बनाउन र सचेतना अभिवृद्धि अभियानहरू प्रवर्द्धन गर्न पानामाले दिएको सुझावलाई पनि नेपालले ग्रहण गरेको छ।

लैङ्गिक हिंसा, महिला र बालिकाका लागि हानिकारक केही परम्परागत अभ्यासहरू विरुद्धको कानुन कार्यान्वयनलाई बलियो बनाउन फिलिपिन्सले सुझाव दिएको छ। जोखिमपूर्ण कामको सम्बन्धमा बालश्रम प्रथा उन्मूलन गर्न विद्यमान कानुन र नीतिहरूको कार्यान्वयनलाई बलियो बनाउन इटालीले सुझाव दिएको छ । बालश्रम निषेध गर्ने विद्यमान कानुन पूर्णरूपमा कार्यान्वयन भएको र सो को अनुगमन गरिएको सुनिश्चित गर्न मार्शल टापुहरूले सुझाव दिएका छन् ।

अनौपचारिक क्षेत्रमा बालश्रमको रोकथाम लगायत सबै प्रकारका बालश्रम उन्मूलनका उपायहरूको कार्यान्वयनमा विशेष ध्यान दिन रूसी सङ्घले सुझाव दिएको छ । सन् २०२८ सम्ममा बालश्रमका सबैभन्दा खराब रूप उन्मूलन गर्न राष्ट्रिय कार्ययोजनालाई सुदृढ गर्ने पूरक उपायहरू अवलम्बन गर्न र बालबालिकाका लागि सबैभन्दा खतरनाक श्रमको अवस्थाको उन्मूलनलाई प्राथमिकता दिन स्पेनले सुझाव दिएको छ । यी सबै सुझावहरुलाई नेपालले स्विकार गरी सो अनुसार काम गर्ने प्रतिवद्धता जनाइसकेको छ ।

# खण्ड-दुई

## मुक्त कमलरीको विगत र वर्तमान

### २.१. पृष्ठभूमी :

पश्चिम तराईका थारू समुदायमा सदियौंदेखि साहुको ऋण तिर्न या जग्गा अधिया पाएवापत बालिकालाई साहूको घरमा काम गर्न पठाउने प्रचलन थियो । परिवारको ऋणको बोझ कम गर्न र अधिया जग्गा कायम राख्न बालिकाहरूले अर्काको घरमा बँधुवा श्रमिकका रूपमा काम गर्नुपर्थ्यो । न्यून पारिश्रमिक पाएर या केही पनि नपाएर साँझ-बिहानको खाना र वर्षको दुई जोडा कपडाका भरमा अर्काको घरमा काम गर्न बसेका थारू समुदायका बालिका या किशोरीलाई कमलरीका रुपमा चिनिन्छ ।

'मुक्त कमलरीका लागि शिक्षा निर्देशिका २०६८' को परिच्छेद १ को खण्ड 'ज' मा कमलरी भन्नाले कुप्रथा, कुसंस्कार, कुरीति वा आर्थिक समस्याका कारणले निश्चित सर्त र बन्देजमा कुनै मालिक वा मध्यस्थकर्ता र अभिभावक वा स्वयम् कमलरीबीच लिखित वा मौखिक सम्झौता भई निश्चित समयावधिका लागि अर्काको घरमा काम गर्न पठाइएका वा काममा लगाइएका थारु समुदायका किशोरी तथा बालिकालाई सम्झनुपर्छ भनिएको छ ।

यसैगरी कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन २०५८ को दफा २ को खण्ड (ख) ले कमैया श्रमिकको परिभाषा गर्दा कमलरीलाई पनि समेटेको छ । यसमा 'कमैया श्रमिक' भन्नाले भैंसवार, गैवार, बर्दिकार, छेकरवार, हरुवा, चरुवा, हली, गोठालो, कमलरिया वा अन्य यस्तै नामबाट कमैया श्रम गर्ने व्यक्ति सम्झनुपर्छ भन्ने उल्लेख छ ।

कमलरी प्रथा मालिकको जग्गा अधिया लगाउने प्रचलन र कमैया प्रथासँग जोडिएको छ । आफ्नो जग्गा नभएकाले कमैयाको दैनिक जीवनयापन निकै कठिन थियो । जमिनदारको घरमा काम पाएपछि उनीहरू निकै खुसी हुन्थे र काम दिएबापत खुसियालीमा बोनसस्वरूप उनीहरू श्रीमतीलाई पनि जमिनदारकै घरमा काम गर्न लगाउँथे । श्रीमतीलाई 'बुकरही' भन्ने गरिन्थ्यो । श्रीमतीले काम गरेबापत खान र वर्षमा दुई जोडा कपडा मात्र पाउँथे ।

कमैयाले पारिश्रमिकबापत केही अनाज पाउँथे तर यसले परिवारका अरु सदस्यलाई खान र कपडा किनिदिन पुग्दैनथ्यो । त्यसपछि कमैयाहरु छोरीलाई घरभित्रको काममा र छोराहरूलाई घरबाहिरको पशु चराउने जस्ता काममा लगाउन बाध्य भए । जमिन्दारको जग्गा उपभोग गर्न नपाए बालबच्चा पाल्न कठिन हुने भएकाले जग्गा पाउनलाई पनि सर्तका रूपमा कमैयाले छोरीलाई जमिनदारको घरमा काम गर्न पठाइदिने गर्थे ।

२०५७ साल साउन २ गते सरकारले कमैया मुक्तिको घोषणा गरेपछि कमैयाहरू आफू त मुक्त भए तर छोरीलाई भने काममै राखिरहे । पहिले घरको कमाउनेवाला कमैया हुन्थ्यो भने यसपछि कमलरी भए । जग्गाधनीको घरमा आफ्नो घरभन्दा मीठो खान पाइने र राम्रो लाउन पाइने लोभ देखाएर बालिकालाई काममा लगिन्थ्यो । थारू किसानको आर्थिक अभावको फाइदा उठाउँदै जग्गाधनीहरू बालिकालाई घरमा श्रमिक बनाउन थाले । पछिपछि त कतिपय बालिका नै राम्रो खाने, लाउने चाहनाले आफैं पनि कमलरी जाने रहर गर्न थाले । बिस्तारै बालिकाहरू कमलरी जानुपर्ने संस्कार नै हो भन्ने बुझाइमा परे । पछिपछि जग्गा अधिया लगायो कि छोरीलाई कमलरी पठाउनैपर्ने कुरा संस्कार जस्तो हुन गयो ।

थारूहरूको महान् पर्व माघीका अवसरमा कमलरी पठाउने र अर्को वर्षका लागि नवीकरण गर्ने चलन नै बस्यो । सामान्यतया जग्गा जोतभोग एक वर्षका लागि हुने भएकाले कमलरी पनि एक वर्षकै लागि भनेर पठाइएका हुन्थे । अर्को वर्ष फेरि जग्गा पाइने भएपछि कमलरीको पनि नवीकरण हुन्थ्यो । यदि त्यही जमिनदारको जग्गा नपाइने भएमा अर्को जमिनदारलाई छोरी दिएर जग्गा लिनुपर्थ्यो । यो कुराको छिनोफानो माघी पर्वमा गर्ने गरिन्थ्यो ।

## २.२. कमलरी मुक्तीको आवाज :

मानिसहरू कमलरी खोज्न पश्चिम तराईका दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र सुर्खेतसम्म पुग्थे । कमलरी प्रथा यी ६ जिल्लामा नै अत्यधिक थियो । मालिकको घरमा कतिपय कमलरी यौन शोषणमा परे, कति गर्भवती भए, कति बेपत्ता बनाइए त कतिको यौन शोषणको अपराध लुकाउन हत्या नै भयो । काममा लगाउन सजिलो, बच्चाको स्याहारमा सहजता र बालकभन्दा काममा इमानदार भएकाले जग्गाधनीहरू बालिकालाई नै घरमा राख्न चाहन्थे । पछि उनीहरू यसलाई यौन शोषणसँग पनि जोडेर फाइदा लिन थाले ।

बालिकामाथि अति नै श्रम तथा यौन शोषण हुन थालेपछि कमलरी प्रथाविरुद्ध केही आवाज उठ्न थाल्यो । यही कारणले कमलरीका परिवार र जग्गाधनीबीच सम्बन्ध बिग्रन थाल्यो । यसले केही असहजता सिर्जना गर्‍यो । बिस्तारै सामाजिक सङ्घसंस्थाको अगुवाइमा यसविरुद्ध अभियान नै चल्न थाल्यो । यसले कमलरी प्रथाविरुद्ध आन्दोलनको रूप लियो ।

२०५६ माघदेखि बिभिन्न सामाजिक संस्थाहरुको अगुवाईमा कमलरी प्रथाविरुद्धको अभियान नै सुरु भयो । दाङको तत्कालिन गोबरडिहा गाविस वडा नं. १ स्थित खैरा गाउँबाट कमलरी मुक्ति अभियान थालिएको थियो । पहिलो वर्ष ३६ कमलरी मुक्त गरी विद्यालय पठाइएको थियो । त्यसपछि मुक्त कमलरीलाई नै सङ्गठित गर्दै मुक्ति अभियान अघि बढाइयो । दाङका थारू गाउँहरूमा कमलरी मुक्तिका विषयमा सचेतना जगाइयो । कमलरीका अभिभावकलाई परामर्श गरियो । कमलरी राख्नेलाई खबरदारी गरियो । सुरुका दिन निकै कठिन भए पनि बिस्तारै सबैतिरबाट सहयोग समर्थन हुन थाल्यो । फलस्वरूप दाङका साथै बाँके, बर्दिया, कैलाली र कञ्चनपुरसम्म मुक्ति अभियान फैलियो ।

मुक्त कमलरी सङ्गठित भएर २०६५ सालममा दाङ जिल्लास्तरिय कमलरी मुक्तिका लागि साझा मञ्च गठन भयो । यो साझा मञ्च पाँचै जिल्लामा बिस्तार हुँदै २०६७ असार १ गते मुक्त कमलरी विकास मञ्चमा परिणत भयो । जिल्ला प्रशासन कार्यालय दाङमा विधिवत् दर्ता भई संस्थाले मुक्त कमलरीको एक साझा गैरसरकारी संस्थाका रूपमा काम गर्न थाल्यो । यसले पाँचै जिल्लामा सञ्जाल बिस्तार गरी सङ्घर्ष समितिका रूपमा काम गर्‍यो । मुक्ति आन्दोलनको ९ वर्षपछि दाङलाई पहिलोपटक कमलरी मुक्त जिल्ला घोषणा गर्ने सफलता प्राप्त भयो । २०६५ माघ १ गते दाङलाई जिल्ला बाल कल्याण समितिको अगुवाइमा देशमै पहिलोपटक कमलरी मुक्त जिल्ला घोषणा गरियो ।

अन्ततः आन्दोलन गाउँगाउँबाट जिल्ला हुँदै राजधानीसम्म पुग्यो र यसले सरकारलाई कमलरी प्रथाका विषयमा संवेदनशील बनायो । कमलरीका लागि बजेट विनियोजन गर्न बाध्य पार्‍यो । अन्तमा सरकारले २०७० असार १३ गते देशलाई नै कमलरी मुक्त घोषणा गर्‍यो ।

## २.३. कमलरीमाथि भएका घटना :

कमलरी बसेको घरमा बिभिन्न यातना र हिंशाका घटनाहरु भएका छन् । ती अधिकांश घटनाहरुमा छानविन तथा अनुसन्धान भएको छैन । कमलरीलाई न्याय दिन सरकारले गम्भिरता नदेखाएको मुक्ती कमलरीको गुनाशो छ । हालसम्म भएका कमलरी हत्याका घटनाहरु निम्न अनुसार छन् :

१– २०६९ चैत १४ गते दिउँसो दाङको लालमटिया–८ पैंसठ्ठी नम्बर निवासी १२ वर्षिया सिर्जना चौधरीको ललितपुरको चाकुपाटस्थित इन्जिनियर युवराज पौडेलको डेरामा कमलरी बसेको अवस्थामा शरीरमा आगो लागेर मृत्यु ।

२– २०६८ भदौ १ गते कैलालीको चौमाला–८ दैदवारी मुक्त कमैया शिविरकी २० वर्षिया मेघी चौधरीको काठमाडौंस्थित बालकृष्ण शाहको घरमा शरीरमा आगो लागेर मृत्यु ।

३– २०६७ वैशाख १८ गते कैलालीकी १५ वर्षिया उर्मिला राना थारूको कैलालीको धनगढीस्थित दीपक बिष्टको घरमा झुण्डिएर मृत्यु ।

४– २०६५ वैशाख २ गते टीकापुर ९ वनगाउँ कैलालीकी १५ वर्षिया सरिता चौधरी दाङको लमहीस्थित इन्द्रमणि खनालको घरमा झुण्डिएर मृत्यु ।

५– २०६४ पुस ३० गते दाङ रामपुरकी सीमा होजा मगरको दाङको लमहीस्थित दङ्गाली होटलमा झुण्डिएर मृत्यु ।

कमलरी बसेको अवस्थामा यौन शोषण भएका घटनाहरु पनि त्यत्तीकै छन् । कतिपय कमलरीको गर्भ रहेर बच्चा समेत जन्मिएका छन् । उनीहरूले न्याय पाउन सकेका छैनन् । कमलरीमाथि यौन शोषण भएका २८ वटा उजुरी बिभिन्न जिल्लामा परेका थिए । ती घटनाका अधिकांश दोषीहरूलाई कार्वाही नभएको कमलरीको गुनाशो छ ।

यसैगरी कतिपय कमलरीलाई काम गर्ने ठाउँबाटै वेपत्ता पारिएको छ । बेपत्ता कमलरीको अवस्थाबारे अध्ययन गरी कमलरीको अवस्था र बेपत्ता हुनुका कारण खोजी गर्न राज्यले तत्काल अध्ययन गर्नुपर्ने बिषयमा पनि कमलरीले राज्यको ध्यानाकर्षण गराउँदै आएका छन् । बेपत्ता र हत्याका केही घटनामात्र बाहिर आए पनि अधिकांश घटना गुपचूप रहने गरेका छन् । अधिकांश कमलरीको वर्षौंपछि मात्र हराएको भन्ने खबर आउने गरेको छ । उनीहरूलाई यौन शोषण गरी हत्या गरिएको हुनसक्ने या कतै बेचिएको हुनसक्ने अनुमान छ । मुक्त कमलरी विकास मञ्चका अनुसार पश्चिम तराईका कैलालीमा १२, बाँकेमा ६, दाङमा ५ र बर्दियामा ४ गरी २७ कमलरी बेपत्ता छन् ।

२०७० जेठमा मृतक कमलरीको विषयमा छानबिन, बेपत्ता कमलरीको खोजी, कुमारी आमा बनेका कमलरीलाई न्याय र शिक्षा निर्देशिका संशोधन माग गर्दै पश्चिम तराईका मुक्त कमलरी एकसाथ काठमाडौंस्थित सिंहदरबार घेर्न पुगेका थिए । अन्तमा सरकार र कमलरी मुक्तिका लागि संयुक्त सङ्घर्ष समितिबीच जेठ २४ मा १० बुँदे सहमति भयो । यही सहमतिका आधारमा सरकारले देशलाई कमलरी मुक्त घोषणा गऱ्यो ।

# खण्ड-तीन

## हालको अबस्था बिश्लेषण


**३.१. मुक्त कमलरीको अबस्था :**

मुक्त कमलरीमध्ये केहीको जीवनमा ठूलो परिवर्तन आएको छ भने कतिपयले अझै पनि दयनीय जीवन बिताइरहेका छन् । मुक्त कमलरीको तथ्यांकमा सरकारी अभिलेख र मुक्त कमलरी विकास मञ्चको अभिलेखमा भिन्नता छ । सरकारी अभिलेखमा छुट मुक्त कमलरीको विवरण समावेश नभएकाले कम देखिएको छ ।

संघीय सरकारको भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको तथ्यांक अनुसार देशमा ९ हजार ४ सय ९० मुक्त कमलरी छन् । जसमध्ये सबैभन्दा बढी दाङमा २ हजार ९ सय ४१, त्यसपछि कैलालीमा २ हजार ७ सय ६७, बर्दियामा २ हजार ४ सय ९५, कञ्चनपुर ७ सय ४१, बाँकेमा ५ सय ३० र सुर्खेतमा १६ जना छन् ।

मुक्त कमलरी विकास मञ्चका अनुसार हाल पश्चिम तराईमा १२ हजार ७ सय ६९ मुक्त कमलरी छन् । तीमध्ये सबैभन्दा बढी कैलालीमा ४ हजार ७४, त्यसपछि दाङमा ३ हजार ६ सय ५८ र बर्दियामा ३ हजार २ सय ३ जना छन् । यस्तै कञ्चनपुरमा १ हजार १ सय ६७ र बाँकेमा सबैभन्दा कम ६ सय ६७ जना छन् । मञ्चको तथ्यांकमा सुर्खेतको विवरण समावेश छैन । मञ्चको तथ्यांकलाई आधार मानेर मुक्त कमलरीको हालको अबस्थालाई जिल्लागतरुपमा निम्न चित्रमार्फत प्रस्तुत गर्न सकिन्छ ।

*चित्र नं. १ : मुक्त कमलरीको जिल्लागतरुपमा हालको अबस्था :*





**३.२. परिचयपत्र पाए नपाएको अबस्था :**

अधिकांश मुक्त कमलरी परिचयपत्र पाउनबाट बञ्चित भएका छन् । सरकारको तथ्यांक अनुसार हालसम्म २ हजार ३ सय ५२ जनाले परिचयपत्र पाएका छन् । सरकारी तथ्यांक अनुसार नै ७ हजार १ सय ३८ जनाले परिचयपत्र पाउन सकेका छैनन् ।

मञ्चको तथ्यांक अनुसार हालसम्म ४ हजार ९ सय ३४ जनाले परिचयपत्र पाएका छन् । अझै ७ हजार ८ सय ३५ जना परिचयपत्र पाउनबाट बञ्चित भएका छन् । परिचयपत्र नपाउनेमा सबैभन्दा बढी बर्दियामा २ हजार ९ सय ५३ जना छन् भने सबैभन्दा कम बाँकेमा ३ सय ४३ जना छन् । मञ्चको तथ्यांक अनुसार परिचयपत्र पाएका र नपाएका मुक्त कमलरीको विवरणलाई जिल्लागतरुपमा निम्न चित्रमार्फत प्रस्तुत गर्न सकिन्छ ।

***चित्र नं. २ : परिचयपत्र पाएका र नपाएका मुक्त कमलरीको जिल्लागत विवरण :***





## ३.३. छुट कमलरीको विवरण :

सरकारले हालसम्म अभिलेख राखेका मुक्त कमलरी वाहेक कमलरीको सूचीमा नपरेकाहरु पनि धेरै छन् । नाम दर्ता गर्ने क्रममा जानकारी नपाएका कारण हालसम्म ३ हजार २ सय ९६ जना कमलरीको विवरणमा समावेश भएको छैन । कमलरीको अभिलेखमा नपरेका कारण उनीहरु मुक्ती कमलरीका रुपमा छात्रवृत्ती लगाएतका कुनै पनि सुबिधा पाउनबाट बञ्चित छन् । सबैभन्दा बढी कैलालीमा १ हजार ३ सय ७ जना छुटेका छन् भने सबैभन्दा कम बाँकेमा १ सय ३७ जना छुटेका छन् ।

छुट कमलरीको विवरण निम्न चित्रमार्फत प्रस्तुत गरिएको छ :


*चित्र नं. ३ : छुट कमलरीको जिल्लागत विवरण :*




## ३.४. छात्रावासको विवरण :

अभिभावकविहिन र घरबास नभएका कारण मुक्त कमलरीलाई छात्रावासमा राखेर पढाउने गरिएको छ । हाल दाङमा दुई, कैलालीमा दुई र कञ्चनपुरमा एक गरी पाँच छात्रावास छन् । दाङमा ६२, कैलालीमा ८५ र कञ्चनपुरमा १९ गरी १ सय ६६ मुक्त कमलरी छात्रावासमा बसेर अध्ययन गरिरहेका छन् । छात्रावास र छात्रावासमा रहेर अध्ययन गरिरहेका मुक्त कमलरीको विवरण निम्न चित्रमा प्रस्तुत गरिएको छ :


*चित्र नं. ४ : छात्रावास र छात्रावासमा रहेका मुक्त कमलरीको विवरण :*



### ३.५. शैक्षिक अवस्था :

कमलरी जीवनबाट मुक्ती पाएपछि औपचारिक बिद्यालय शिक्षामा प्रवेश गरेका मुक्त कमलरीहरु अहिले मावि र क्याम्पस तहमा अध्ययनरत छन् । हाल मावि तह अर्थात १२ कक्षासम्म अध्ययनरत ९ सय ९७ र क्याम्पस तहमा अध्ययनरत २ सय ७७ जना छन् । जसको विवरण निम्न चित्रमार्फत प्रस्तुत गरिएको छ :


*चित्र नं. ५ : मुक्त कमलरीको जिल्ला र तहगत शैक्षिक विवरण :*




### ३.६. रोजगारीको अवस्था :

अध्ययन पूरा गरेका मुक्त कमलरी बिभिन्न क्षेत्रमा रोजगारी प्राप्त गर्न सफल भएका छन् । बिद्यालय नगएका या बीचमै पढाइ छोडेका मुक्त कमलरीले बिभिन्न सिपमुलक तालिम लिएर स्वरोजगारमुलक व्यवसाय गरिरहेका छन् । हालसम्म ४ हजार ६ सय ४९ जनाले बिभिन्न व्यवसायीक तालिम प्राप्त गरेका छन् । तीमध्ये ५ सय २५ जनाले बिभिन्न व्यवसाय सञ्चालन गरिरहेका छन् । ८८ जना मुक्त कमलरी बिभिन्न रोजगारमा संलग्न छन् । तालिम र शिक्षा प्राप्त गरे अनुसार रोजगार र व्यवसायमा संलग्न हुनेको संख्या निकै कम छ । यसको विस्तृत विवरण निम्न चित्रमा प्रस्तुत गरिएको छ :


*चित्र नं. ६ : तालिम, व्यवसाय र रोजगार प्राप्त मुक्त कमलरीको जिल्लागत विवरण :*




## ३.७. सहकारीको अबस्था :

मुक्त कमलरीलाई आर्थिक सशक्तीकरणको माध्यमबाट आत्मनिर्भर बनाउने उद्धेश्यले पाँचै जिल्लामा सहकारी सञ्चालन भएका छन् । मुक्त कमलरीले दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा ४२ वटा सहकारी र १५ वटा बचत समूह सञ्चालन गरेका छन् । सबैभन्दा बढी सहकारी कैलालीमा छन् । जसमा १२ वटा छन् । त्यसपछि बर्दिया ९, दाङ ८, कञ्चनपुर ७ र बाँकेमा ६ सहकारी छन् । यसबाट मुक्त कमलरीलाई नियमित बचत गर्न र आवश्यक पर्दा ऋण लिन, ऋण लिएर व्यवसाय गर्न सहज भएको छ । पाँच जिल्लामा गरी सहकारीको कुल पुँजी १० करोड ३७ लाख ५४ हजार रुपयाँ छ ।

*चित्र नं. ७ : मुक्त कमलरीले सञ्चालन गरेका सहकारीको जिल्लागत विवरण :*



# खण्ड-चार

## अबस्था बिश्लेषण

### ४.१. मुक्त कमलरीको अबस्था बिश्लेषण :

मुक्त कमलरी विकास मञ्च पश्चिम तराईका पाँच जिल्लामा क्रियाशिल छ । सबै जिल्लामा मुक्त कमलरीको शिक्षा, स्वास्थ्य, सिपमुलक तालिम, सहकारी, व्यवसाय सञ्चालन र रोजगारी सिर्जनाका कामहरु भएका छन् । यस भागमा पाँचै जिल्लाका अगुवा मुक्त कमलरीहरुसँग छलफल र अन्तर्क्रिया गरी मुक्त कमलरीका राम्रा पक्ष, कमजोर पक्ष, कमजोरीका कारण र समाधानका लागि गर्नुपर्ने कार्यक्रमहरुको बिश्लेषण गरिएको छ :

***तालिका नं. १ : मुक्त कमलरीको अबस्था बिश्लेषण :***

| जिल्ला : दाङ | | | |
|---|---|---|---|
| **राम्रा पक्षहरु** | **कमजोर पक्षहरु** | **कमजोरीका कारणहरु** | **समस्या समाधानका लागि आबश्यक कार्यक्रम** |
| -मुक्त कमलरी उच्च शिक्षासम्म हाँशिल गर्न सफल भएको ।<br>-मुक्त कमलरी स्टाफ नर्स, एच्ए, सिएम्ए, ल्याव टेक्निसियन, अनमी, जेटिए, भेटजेटिए, सव ओभरसियर लगाएतका प्राबिधिक शिक्षा हाँशिल गरी रोजगारमा संलग्न रहेको ।<br>-७ वटा सहकारी सक्रियरुपमा सञ्चालन भैरहेको र ४ वटा सहकारी स्थापनाको तयारी भैरहेको ।<br>-मुक्त कमलरी विकास मञ्चको आफ्नै केन्द्रीय कार्यालय भवन रहेको ।<br>-स्थानीय तहबाट | -अधिकांश मुक्त कमलरीले अध्ययन पूरा गर्न नसकेको ।<br>-सबै मुक्त कमलरीले रोजगारी प्राप्त गर्न नसकेको ।<br>-मुक्त कमलरीलाई आर्थिक अभाव हुने गरेको ।<br>-सहकारीले चाहेजस्तो गति लिन नसकेको ।<br>-सहकारी सञ्चालनको प्राबिधिक ज्ञान नभएको ।<br>-सहकारीमा स्पष्ट जिम्मेवारी बाँडफाँड नभएको ।<br>-सरोकारवाला निकायसँग आबश्यकता अनुसार समन्वय र सहकार्य हुन नसकेको ।<br>-सबै जिल्लामा | -समयमा छात्रवृत्ती रकम प्राप्त हुन नसक्नु ।<br>-मुक्त कमलरीको तथ्यांक स्पष्ट नहुनु ।<br>-शिक्षासँग सम्बन्धीत निकायसँग समन्वय नहुनु ।<br>-रोजगारीका लागि मुक्त कमलरीको कोटा नछुट्टिनु ।<br>-रोजगारका लागि हुने परीक्षाको तयारी कक्षामा सहभागी हुन नपाउनु ।<br>-परिवारको ईच्छाशक्तीमा समस्या हुनु ।<br>-आयआर्जनका उपाय नहुनु ।<br>-मुक्त कमलरीका लागि पर्याप्त बजेट नहुनु ।<br>-संस्थागत नेतृत्वका | -मुक्त कमलरीको तथ्यांक अद्यावधिक गर्ने ।<br>-सरोकारवालाहरुसँग समन्वय, सम्पर्क नियमित गर्ने ।<br>-रोजगारका लागि मुक्त कमलरीलाई कोटा छुट्याउन पहलकदमी गर्ने ।<br>-रोजगारीका तयारी कक्षा सञ्चालनका लागि बजेट विनियोजन गर्ने ।<br>-प्राबिधिक ज्ञान, सिपका लागि तालिम सञ्चालन गर्ने ।<br>-नेतृत्व क्षमता विकासका लागि तालिम आयोजना गर्ने ।<br>-आयआर्जनका लागि बिभिन्न सिपमुलक |

| | | | |
|---|---|---|---|
| तालिम र अन्य कार्यक्रमका लागि बजेट विनियोजन हुने गरेको । -अभिभावकविहिन मुक्त कमलरीलाई दुईवटा छात्रावासमा राखेर पठनपाठन गराइरहेको । -मुक्त कमलरीको स्थानीय तहदेखि केन्द्रीय समितिसम्मको संरचना रहेको । -मुक्त कमलरी आफ्नो संस्थाका साथै अन्य बिभिन्न संस्थामा पनि नेतृत्वदायी भूमिकामा रहेको । -सदस्यता बर्गिकरण गरी कोष सञ्चालन भएको । -तीन/तीन बर्षमा नयाँ नेतृत्व चयन हुने गरेको । | परियोजना सञ्चालन तथा बिस्तार गर्न नसकेको । -संघ, प्रदेश र स्थानीय सरकारसँग समन्वय र सहकार्यलाई निरन्तरता दिन नसकेको । -सरकारबाट अभिभावकविहिन मुक्त कमलरीलाई आवासीय सुबिधाका लागि पर्याप्त बजेट विनियोजन हुन नसकेको । -संस्था सञ्चालनको सिप, ज्ञान पर्याप्त हुन नसकेको । | लागि आबश्यक ज्ञान, सिप नहुनु । | तालिम सञ्चालन गर्ने । -व्यवसाय सञ्चालनमा सहयोग प्रदान गर्ने । -स्थानीय, प्रदेश र संघ सरकारलाई मुक्त कमलरीका लागि कोष बनाई बजेट व्यवस्था गर्न पहल गर्ने । |
| **जिल्ला : बाँके** | | | |
| -मुक्त कमलरीले शिक्षा पाइरहेको । -२०४ जनाले परिचयपत्र पाएको । -५ वटा सहकारी संस्था सञ्चालन भैरहेको । -सहकारीमा ६६७ जना आवद्ध रहेको । -मुक्त कमलरी बिभिन्न संघ, संस्था र सरकारी कार्यालयमा रोजगारी गरिरहेको । -स्थानीय सरकारसँग सहकार्य गरेर बिभिन्न कार्यक्रम सञ्चालन गरिरहेको । -संघीय सरकारको २५ | -छात्रवृती समयमा वितरण नभएको । -कतिपय मुक्त कमलरी छात्रवृती पाउनबाट बञ्चित भएको । -परिचयपत्र वितरणमा ढिलाई भएको । -सहकारी संस्थालाई अनुदान प्राप्त नभएको । -मुक्त कमलरीलाई प्राबिधिक शिक्षामा पहुँच नभएको । -सिपमुलक तालिम प्राप्त हुन नसकेको । | -शिक्षाका सरोकारवालाहरुसँग उचित बहस र समन्वय नहुनु । -भूमी सुधार कार्यालयका कर्मचारी फेरबदल भैरहनु । -सहकारीसँग सम्बन्धित निकायसँग समन्वय नहुनु । -तीनै तहका सरकारसँग समन्वय हुन नसक्नु । -१३७ मुक्त कमलरी अभिलेखमा छुट्नु । -बिद्यालय र क्याम्पसमा अध्ययन गरिरहेका मुक्त कमलरीको तथ्यांक | -मुक्त कमलरीको तथ्यांक समयमा अद्याबधीक गरी सम्बन्धित निकायमा बुझाउने । -मुक्त कमलरीको परीचयपत्रका लागि निरन्रत पहलकदमी गर्ने । -स्थानीय सरकार र सहकारीसँग सम्बन्धित निकायमा प्रस्ताव पेश गरी कार्यक्रम माग गर्ने । -मुक्त कमलरी, अभिभावक र विपन्न परिवारलाई समावेश |

| | | | |
|---|---|---|---|
| लाख र राप्ती सोनारी गाउँपालिकाको १० लाख गरी ३५ लाखको लगानीमा मुक्त कमलरी विकास मञ्चको भवन निर्माण गरेको ।<br>-मञ्चका संरचना स्थानीय तहसम्म रहेको ।<br>-मुक्त कमलरीको नेतृत्व विकास गरी बिभिन्न संस्थामा ६० जना नेतृत्व तहमा रहेको । | | समयमा अद्यावधिक गरी सम्बन्धित निकायमा पठाउन नसक्नु ।<br>-सरकारले मुक्त कमलरीका लागि बिभिन्न अवसरमा कोटा नछुट्याउनु । | गरी सहकारीको सदस्य बढाउने ।<br>-मुक्त कमलरी विकास मञ्चका जिल्ला र केन्द्रीय समितिसँग नियमित समन्वय र सहकार्य गर्ने ।<br>-बिभिन्न तहका सरकारसँग मुक्त कमलरी विकास मञ्चले नियमित समन्वय सहकार्य र अन्तर्क्रिया गर्ने । |
| **जिल्ला : बर्दिया** | | | |
| -मुक्त कमलरीको पुनर्स्थापना भएको ।<br>-१२६० जनाले परिचयपत्र पाएको ।<br>-राजापुर नगरपालिकाको बडघर संघमा रामजानकी थारु सदस्य रहेको ।<br>-मुक्त कमलरीले सरकारी र गैरसरकारी क्षेत्रमा रोजगारी गरिरहेको ।<br>-स्थानीय सरकारले वडा तहसम्म मुक्त कमलरीका लागि बजेट विनियोजन गरिरहेको ।<br>-१० वटा सहकारी सञ्चालन भैरहेको ।<br>-सहकारीमा २५०० सदस्य रहेको ।<br>-५६ जना स्नातक तहमा अध्ययन गरिरहेको ।<br>-१५० जनाले होटेल खोलेर नास्ता व्यवसाय गरिरहेको । | -सबै मुक्त कमलरीको पनुर्स्थापना हुन नसकेको ।<br>-१२३५ जनाले परिचयपत्र पाउन नसकेको ।<br>-कति मुक्त कमलरीको पहिचान नै हुन नसकेको ।<br>-मुक्त कमलरीमा नेतृत्व विकास ज्ञानमा कमी भएको ।<br>-सबै स्थानीय तह र वडामा मुक्त कमलरीका लागि बजेट विनियोजन नभएको ।<br>-सहकारी व्यवस्थापनमा समस्या हुने गरेको ।<br>-सहकारीका सबै सदस्य सक्रिय नभएको ।<br>-मुक्त कमलरीले पढाई छोड्ने गरेको ।<br>-मुक्त कमलरीले नियमित व्यवसाय सञ्चालन गर्न नसकेको । | -चेतनाको कमी हुनु ।<br>-आर्थिक अबस्था कमजोर हुनु ।<br>-राज्यका सबै निकायमा पहुँच नहुनु ।<br>-सहकारी सञ्चालनको ज्ञान नहुनु ।<br>-व्यवसायमा लगानीको कमी हुनु । | -जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने ।<br>-छुट कमलरीको पुन: तथ्यांक संकलन गर्ने ।<br>-नेतृत्व विकासका लागि क्षमता विकास कार्यक्रम गर्ने ।<br>-लोकसेवा तयारी कक्षा सञ्चालनका लागि स्थानीय सरकारसँग बजेट माग गर्ने ।<br>-सिप, व्यवसाय र रोजगारका लागि बजेट विनियोजन गर्न माग गर्ने ।<br>-सहकारी सञ्चालन सम्बन्धी तालिम सञ्चालन गर्ने ।<br>-सहकारीका समूह गठन गर्न घरदैलो अभियान चलाउने ।<br>-छात्रवृती पर्याप्त गराउन पहल गर्ने ।<br>-स्थानीय तहबाट व्यवसायीक तालिम र |

| | | | |
|---|---|---|---|
| -१० जना पशुपालन र ५ जनाले तरकारी खेती गरिरहेको ।<br>-६ जना मुक्त कमलरीलाई मुक्त कमलरी विकास मञ्चले उपचार सहयोग गरेको । | -मुक्त कमलरीको उपचारमा सहयोग गर्ने रकम अपुग रहेको । | | अनुदान माग गर्ने ।<br>-स्थानीय, प्रदेश र संघ सरकारसँग स्वास्थ्य उपचारका लागि बजेट विनियोजन गराउन पहल गर्ने । |
| **जिल्ला : कैलाली** | | | |
| -१२५ जना मुक्त कमलरीले स्नातक अध्ययन गरिरहेको ।<br>-मुक्त कमलरीले प्राबिधिक शिक्षामा पहुँच बढाइरहेको ।<br>-सरकारी जागिरमा प्रवेश बढ्दै गरेको ।<br>-८ वटा सहकारी सञ्चालन भैरहेको ।<br>-२५०० मुक्त कमलरीले परिचयपत्र पाएको ।<br>-मुक्त कमलरीले सहकारीबाट ऋण लिएर व्यवसाय सञ्चालन गरिरहेको ।<br>-स्थानीय स्तरमा मुक्त कमलरीको संरचना भएका कारण काम गर्न सहज भएको ।<br>-मुक्त कमलरी राजनीतिमा अघि बढिरहेको ।<br>-संघसंस्थाहरुसँग सम्पर्क, समन्वय बढ्दै गैरहेको ।<br>-नेतृत्व विकास भएको ।<br>-मञ्चले स्वास्थ्य उपचारका लागि मुक्त कमलरीलाई सहयोग गर्ने गरेको ।<br>-प्रेमकला चौधरी वडा | -सबै ठाउँमा सहकारी नभएको ।<br>-सहकारी र अन्य संयन्त्र नभएको ठाउँमा काम गर्न समस्या ।<br>-स्थानीय समितिहरु सशक्त र प्रभावकारी नभएको ।<br>-१५७४ जनाले अझै परिचयपत्र नपाएको ।<br>-मञ्चको जग्गा र भवन नभएको ।<br>-कार्यालयको भाडा तिर्न समस्या भैरहेको ।<br>-कर्मचारी नभएकाले कार्यालय नियमित सञ्चालनमा समस्या भएको ।<br>-छात्रवृत्ती नपाएका मुक्त कमलरी पढाइ छोड्न बाध्य भैरहेको ।<br>-सबै निकायमा पहुँच नभएको ।<br>-मुक्त कमलरीका लागि नियमित कार्यक्रम नभएको ।<br>-छात्रावासको समस्या भैरहेको ।<br>-पटकपटक ज्ञापनपत्र बुझाउँदा पनि स्थानीय तहले बजेट विनियोजन नगरेको । | -संगठन सक्रिय नहुनु ।<br>-संस्थाको समन्वय कमजोर हुनु ।<br>-जग्गा र बजेट नहुँदा कार्यालय भवन निर्माण गर्न नसक्नु ।<br>-संस्थाले समयमा मुक्त कमलरीको विवरण पेश गर्न नसक्नु ।<br>-स्थानीय तहले चासो नदिनु ।<br>-मञ्चको कोषमा रकम नहुनु ।<br>-कमैया र कमलरीलाई एउटै स्वरुपमा हेरेर काम गर्नु ।<br>-दक्ष कर्मचारी नहुनु ।<br>-सहकारी र अन्य सरोकारवालाबीच समन्य नहुनु ।<br>-मुक्त कमलरी सक्रिय नहुनु ।<br>-नेतृत्व विकास सन्तोषजनक नहुनु । | -मुक्त कमलरीको संगठन बिस्तार गर्ने ।<br>-सहकारी संख्या बढाउने ।<br>-अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने ।<br>-मुक्त कमलरीमा नाम छुटेका बालिकाहरुको नाम समावेश गर्ने ।<br>-मुक्त कमलरी परिचयपत्र वितरणमा सहजिकरण गर्ने ।<br>-स्थानीय, प्रदेश र संघ सरकारसँग समन्वय गर्ने ।<br>-छात्रवृती रकम समयमै निकासाका लागि पहल गर्ने ।<br>-छात्रावासका समस्या पहिचान गरी समाधानको पहल गर्ने ।<br>-केन्द्रीय कार्यालयसँग समन्वय गरी सदस्यता बृद्धि गर्ने ।<br>-नेतृत्व विकास तालिमहरु सञ्चालन गर्ने ।<br>-दक्ष कर्मचारीको खोजी गर्ने ।<br>-अन्य सहकारी र संस्थाहरुसँग समन्वय बढाउने । |

| | | | |
|---|---|---|---|
| सदस्यमा निर्वाचित भएको ।<br>-परिचयपत्र पाएकालाई, सिप, तालिम र रोजगारमा सहज भएको ।<br>-स्थानीय तहमार्फत सिपमुलक र आयआर्जनमुलक तालिमहरु प्रदान भएको ।<br>-सहकारीमार्फत नास्ता बनाउने तालिम लिएर व्यवसाय सञ्चालन गरिरहेको । | -बजेट नहुँदा कार्यक्रम गर्न कठिन भैरहेको । | | |
| **जिल्ला : कञ्चनपुर** | | | |
| -प्राबिधिक शिक्षा लिएका २५ जना मुक्त कमलरी सरकारी तथा गैरसरकारी निकायमा रोजगार गर्न सफल भएको ।<br>-उद्यमशिल तालिम लिएर व्यवसाय गर्न सफल भएको ।<br>-७० जना मुक्त कमलरी घुम्ती कोषबाट रकम प्राप्त गरी व्यवसाय गरिरहेको ।<br>-मुक्त कमलरीले छोटो अबधिको तालिम लिइरहेको ।<br>-स्थानीय सरकारले बजेट विनियोजन गरिरहेको ।<br>-६ वटा सहकारी सञ्चालन भएको ।<br>-स्थानीय निर्वाचनमा मुक्त कमलरीहरु उम्मेद्वार छनौट हुन | -समयमा छात्रवृती रकम प्राप्त नभएको ।<br>-१२ कक्षादेखि माथिका मुक्त कमलरीले छात्रवृती पाउन नसकेको ।<br>-पढाई छोड्न बाध्य ।<br>-मुक्त कमलरीलाई बिभिन्न रोजगारीमा सहभागीताका लागि सरकारले चासो नदिएको ।<br>-स्थानीय सरकार र मञ्चबीच राम्रो सहकार्य हुन नसकेको ।<br>-६ मध्ये २ वटा सहकारी मात्र सक्रिय भएको ।<br>-सहकारीका पदाधिकारी र कर्मचारी दक्ष नभएको ।<br>-नेतृत्व विकास नभएको ।<br>-मञ्चको आफ्नो जग्गा र भवन नभएको । | -मञ्चले समयमा मुक्त कमलरी बिद्यार्थीहरुको विवरण पेश गर्न नसक्नु ।<br>-सानैमा विवाह गर्नु ।<br>-सरकारले मुक्त कमलरीका लागि कोटा नछुट्याउनु ।<br>-स्थानीय सरकारले अनुदान नदिनु ।<br>-मञ्च र सहकारीका सदस्यहरु सक्रिय नहुनु ।<br>-कर्मचारी राख्न बजेट अभाव ।<br>-समुदायमा घुलमिल हुन नसक्नु ।<br>-सबै क्षेत्रमा पहुँच नपुग्नु ।<br>-छात्रावासमा स्वास्थ्य उपचार, खाद्यान्न र कपडा नहुनु । | -बजेट विनियोजनका लागि स्थानीय, प्रदेश र संघीय सरकारसँग पहल गर्ने ।<br>-कमलरीका लागि अवसरमा कोटा छुट्याउन पहल गर्ने, ज्ञापनपत्र पेश गर्ने ।<br>-बिभिन्न ठाउँमा प्रस्तावना पेश गरी बजेटको खोजी गर्ने ।<br>-स्थानीय सरकारसँग मञ्च र सहकारीका सदस्यहरुले नियमित भेटघाट, छलफल गर्ने ।<br>-सहकारीका सदस्यहरु बढाउने ।<br>-सहकारीका लागि बजेट माग गर्ने ।<br>-समुदाय स्तरमा समन्वय र सहकार्य बढाउने ।<br>-स्थानीय स्वास्थ्य संस्थासँग समन्वय गरेर |

| | | | |
|---|---|---|---|
| सफल ।<br>-जिल्लास्तरमा कार्यक्रमहरु सञ्चालन भैरहेको ।<br>-अभिभावकविहिन मुक्त कमलरीका लागि एउटा छात्रावास सञ्चालन भैरहेको । | -छात्रावास व्यवस्थित नभएको ।<br>-बालिकाहरुले छात्रावास छोडिरहेको । | | नियमित स्वास्थ्य परिक्षण गर्ने । |

## ४.२. नेतृत्व तहमा सहभागिता :

मुक्त कमलरीहरु बिभिन्न सामाजिक संघसंस्था हुँदै राजनीतिक तहमा पनि नेतृत्व गर्न सफल भएका छन् । हालसम्म दाङकी शान्ता चौधरी, कैलालीकी सुकदैया चौधरी र बर्दियाकी मोतीदेवी चौधरी सभासद् हुनुभएको छ । बर्दियाकी कृष्णी थारु सभासद् हुँदै लुम्बिनी प्रदेशको उपसभामुख हुनुभएको छ ।

पछिल्लो समय अन्य मुक्त कमलरी पनि बिस्तारै राजनीतिक नेतृत्वमा पहुँच बृद्धि गरिरहेका छन् । २०७९ को स्थानीय तह निर्वाचनमा ६ जना बिभिन्न पार्टीबाट उम्मेद्वार भएका थिए । तीमध्ये कैलालीको टिकापुर नगरपालिका वडानं. १ को सदस्यमा २७ बर्षीया प्रिंकला चौधरी नागरिक उन्मुक्ती पार्टीबाट निर्वाचित भएकी छिन् । २०७९ को स्थानीय तह निर्वाचनमा उम्मेद्वार भएका र विजयी हुने उम्मेद्वारको विवरण निम्नानुसार छ :

***तालिका नं. २ : राजनीतिक नेतृत्वमा मुक्त कमलरीको सहभागिता :***

| **द्दण्ठढ को स्थानीय तह निर्वाचनमा उम्मेद्वार भएका मूक्त कमलरीको विवरण(** | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **qm=;+ =** | **gfd⁄y/** | **ठेगाना** | **पालिका वा वडा** | **पद** | **उमेर** | **पार्टीको नाम** | **जिल्ला** |
| 1 | lk\|+snf rf}w/L -ljhoL_ | ध्टीकापूर न.पा. वडा नं. ज्ञ | ध्टीकापूर न.पा. वडा नं. ज्ञ बाध् | वडा सदस्य | द्दठ बर्ष | नागरिक उन्मूक्ती पार्टी | कैलाली |
| 2 | ;"idLtf rf}w/L | जानकी गा.पा. वडा नं. ड | जानकी गा.पा वडा नं. ड बाध् | वडा सदस्य | घज्ञ बर्ष | नेपाली कांग्रेस पार्टी | कैलाली |
| 3 | k"ikf rf}w/L | राजपूर गा.पा. वडा नं. द्द | राजपूर गा.पा. वडा नं. द्द बाध् | वडा सदस्य | घद्ध बर्ष | नेकपा एमाले पार्टी | दाङ |
| 4 | k\|]df yf? | राजापूर न.पा. वडा नं. घ | राजापूर न.पा. वडा नं. घ बाध् | वडा सदस्य | घद्ध बर्ष | राप्रपा पार्टी | बर्दिया |
| 5 | sNkgf rf}w/L | घ्टेराही उपमहानगरपालिका वडा नं. द्ध | घ्टेराही उपमहानगरपालिकाबाध् | मेयर | द्दछ बर्ष | मंगोल नेशनल अर्गनाईजेशन | दाङ |
| 6 | ;"lgtf rf}w/L | बेदकोध् न.पा. वडा नं. ज्ञण | बेदकोध् न.पा.वडा नं. ज्ञण बाध् | वडा सदस्य | द्दड बर्ष | समाजबादी पार्टी | कञ्चनपुर |

### ४.३. छात्रवृत्ती रकम र आबश्यकता :

मुक्त कमलरीको शिक्षाका लागि छात्रवृत्तीको व्यवस्था गरिएको छ । मुक्त कमलरी शिक्षा निर्देशिका २०६८ अनुसार हालसम्म स्नातकसम्म अध्ययनरतका लागि मात्रै छात्रवृत्तीको व्यवस्था छ । छात्रावासमा बस्नेहरुका लागि आवासीय सुविधा छ । छात्रवृत्ती रकम निकै न्यून हुँदा मुक्त कमलरीको शिक्षामा समस्या सिर्जना भएको छ । कतिपय मुक्त कमलरी खर्च नपुगेर बीचमै पढाइ छोड्न बाध्य छन् । छात्रावासमा अध्ययनरतका लागि बर्षको १० महिनाका लागि मात्रै खर्च आउँदा बाँकी दुई महिना के कसरी बस्ने भन्ने चिन्ता छ । मुक्त कमलरीले छात्रवृत्ती रकम बृद्धि गर्नुपर्ने माग गरेका छन् । हाल व्यवस्था भएको रकम र मुक्त कमलरीले भैरहेको खर्चका आधारमा माग गरेको छात्रवृत्ती रकमको विवरण निम्नानुसार छ :

***तालिका नं. ३ : मुक्त कमलरीलाई वितरण हुँदै आएको छात्रवृत्ती र माग गरेको रकमको विवरण : :***

| क्र.सं. | शैक्षिक तह | हाल प्राप्त भैरहेको बार्षिक रकम रु. | माग गरेको रकम रु. |
|---|---|---|---|
| १ | कक्षा १ देखि ८ सम्म | १,५००।- | ५,०००।- |
| २ | कक्षा ९ र १० | १,८००।- | १०,०००।- |
| ३ | कक्षा ११ र १२ | ५,०००।- | १३,०००।- |
| ४ | स्नातक तह | १०,०००।- | २०,०००।- |
| ५ | स्नातकोत्तर तह | हाल व्यवस्था नभएको | २५,०००।- |
| ६ | छात्रवासमा बस्नेहरुलाई | ४०,०००।- | १,००,०००।- |

### ४.४. मुख्य सवाल, समस्या तथा चुनौतीहरु :

अहिले पहिले जस्तो कमलरी खोज्दै हिड्ने समस्या नभए पनि मुक्त कमलरीका अनेक समस्याहरु छन् । मुक्त कमलरीको निरन्तर सङ्घर्षपछि सरकारले मुक्त कमलरीको पुनर्स्थापना, शिक्षा र सिपका लागि पहिलोपटक २०६६ सालमा बजेट विनियोजन गरेको थियो ।

शिक्षा मन्त्रालयले जारी गरेको 'मुक्त कमलरीका लागि शिक्षा निर्देशिका २०६८' मा मुक्त कमलरीलाई शिक्षाको पहुँचमा पुऱ्याउने, आत्मनिर्भरताका लागि सिप विकासमा सहयोग गर्ने र परिवार, समुदायमा चेतना वृद्धि गर्ने लक्ष्य लिइएको छ । १५ वर्ष पुगिसकेका र औपचारिक विद्यालय शिक्षाभन्दा व्यावसायिक तालिम लिई आत्मनिर्भर हुन चाहने मुक्त कमलरीका लागि नियमित सिप विकास तालिम सञ्चालन गर्न सकिने निर्देशिकामा उल्लेख छ ।

मुक्त कमलरीले ५ देखि २० जनासम्मको समूह बनाइ जुनसुकै समयमा पनि जिल्लास्तरीय कार्यक्रम व्यवस्थापन समितिमा निवेदन पेश गर्नसक्ने व्यवस्था निर्देशिकाले गरेको छ । जिल्ला शिक्षा समितिका अध्यक्षको नेतृत्वमा जिल्लामा एक कार्यक्रम व्यवस्थापन समिति रहने व्यवस्था छ । निर्देशिकाले तालिम लिइसकेका मुक्त कमलरीले व्यवसाय गर्न चाहेमा व्यवसायको विवरण र खर्च उल्लेख गरी व्यवस्थापन समितिमा प्रस्तावना पेश गरेमा ५ हजार रुपियाँ ब्रिज कोर्षका रूपमा उपलब्ध गराउन सकिने व्यवस्था पनि गरेको छ ।

निर्देशिकाले मुक्त कमलरीलाई निःशुल्क शिक्षा दिने दायित्व हरेक सामुदायिक विद्यालयको हुने उल्लेख गरे पनि विद्यालयले विभिन्न शीर्षकका नाममा छात्रवृत्ति कटौती गर्ने गरेका छन् । प्राप्त हुने रकम पनि अध्ययन खर्चका लागि पर्याप्त हुन सकेको छैन । सरकारले विनियोजन गरेको बजेट कमलरीको आवश्यकता पूर्ति हुने किसिमले वितरण नहुने र त्यो रकम पनि समयमा नपुग्ने समस्याले कमलरीलाई पीडित बनाएको छ ।

सरकारले देशबाट दासता अन्त्य गर्न विभिन्न ऐन नियम बनायो, कमलरी मुक्तीको घोषणा गर्‍यो तर उनीहरूको मुक्तिसँगै कमैया कमलरीको जीवनमा परिवर्तन गर्ने पक्षमा भने प्रभावकारी कार्यक्रम सञ्चालन गर्न सकेन ।

कमलरी मुक्ति गैरसरकारी संस्थाको काम हो भन्ने सोचाइले गर्दा कमलरीलाई सही तरिकाले पुनर्स्थापना गर्न सकिएको छैन । कमलरी मुक्तिका लागि यति धेरै आन्दोलन, कानुनी व्यवस्था र दबाब भए पनि घोषणा कार्यान्वयन गर्न अझै जटिलता छन् । मुक्त भएका कमलरीको भविष्य सुरक्षित कसरी गर्ने भन्नेतर्फ पनि सबैको चासो देखिएको छैन ।

अभिभावकविहीन कमलरीको अवस्था नाजुक छ । अहिले छात्रावासमा बसिरहेका अभिभावकविहीन मुक्त कमलरीलाई उच्च शिक्षासम्म पढाएर कसरी भविष्य सुरक्षित गर्ने भन्ने चुनौती छ । बेपत्ता, मृतक र यौन शोषणमा परेका कमलरीका सन्दर्भमा न्याय दिने काम बाँकी छ । एकपछि अर्को थपिने कमलरीका समस्या चुनौतीका रूपमा खडा छन् ।

गैरसरकारी क्षेत्रले सँधै कमलरीलाई संरक्षण दिइरहन सम्भव पनि छैन । अब कमलरीको जीवनस्तर उकास्ने दायित्व सरकार र मुक्त कमलरीकै काँधमा आएको छ । मुक्त कमलरीको आफ्नै गैरसरकारी संस्था भएकाले त्यसलाई दिगो बनाएर कसरी कमलरी आन्दोलनमा क्रियाशील बनाइराख्ने भन्ने चुनौती छ ।

नेपाल सरकार भूमी व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयद्वारा संबिधानसभा सदस्य श्याम श्रेष्ठको संयोजकत्वमा गठित कमैया, कमलरी, हलिया र हरवाचरवाको बस्तुस्थिती अध्ययन समितिले तयार पारेको 'अध्ययन प्रतिवेदन २०७८' मा परिचयपत्र प्राप्त गरेका कमलरीले संघीय सरकारबाट अहिलेसम्म पुनःस्थापनाको कुनै पनि प्याकेज नभेट्टाएको र कम्लहरी मुक्तिको काम गैरसरकारी संस्थाको हो भन्ने दोषपूर्ण दृष्टिकोण र प्रवृत्ति सरकारी निकायमा देखिएको निष्कर्ष निकालिएको छ ।

समितिले मुक्त कमलरीलाई वितरण गर्दै आएको छात्रवृती रकम अपुग मात्रै होइन मानवोचित समेत नभएको निष्कर्ष निकालेको छ । समितिको अध्ययन प्रतिवेदन तथा मुक्त कमलरीको अबस्था बिश्लेषणका आधारमा मुक्त कमलरीका मुख्य सवाल, समस्या तथा चुनौतीहरुलाई यसरी बुँदागत गर्न सकिन्छ :

- मुक्त कमलरीको उचित पुनर्स्थापना नहुनु ।
- छुट कमलरीको लगत संकलन नहुनु ।
- मुक्त कमलरीका लागि छात्रवृत्ती रकम निकै न्यून हुनु ।
- छात्रवृत्ती रकम विद्यालयले बिभिन्न शुल्कका नाममा कटौती गर्नु ।
- स्नातकोत्तर तहमा अध्ययनरतका लागि छात्रवृत्तीको व्यवस्था नहुनु ।
- मुक्त कमलरीलाई उच्च शिक्षासम्म निशुल्क शिक्षाको व्यवस्था नहुनु ।
- मुक्त कमलरीलाई प्राबिधिक र व्यवसायिक शिक्षा उच्च प्राथमिकता नदिनु ।
- छात्रावासमा रहेका मुक्त कमलरीका लागि पर्याप्त र १२ महिनाको खर्च उपलब्ध नहुनु ।
- छात्रावासमा रहेका मुक्त कमलरीका लागि स्वास्थ्य उपचारमा समस्या हुनु ।
- कमलरी ओसारपसार गर्ने, कमलरी पठाउने अभिभावक र कमलरी राख्नेलाई कारबाही नहुनु ।

- कमलरीको सवाल गैरसरकारी संस्थाको हो भन्ने धारणा हुनु ।
- संघ, प्रदेश र स्थानीय सरकारले कमलरीका लागि प्रभावकारी कार्यक्रम र बजेट निर्माण नगर्नु ।
- मृतक, बेपत्ता र यौन शोषणमा परेका कमलरीका सवालमा न्याय नदिनु ।
- नेपाल सरकार र मुक्त कमलरीबीच २०७० जेठ २४ मा भएको १० बुँदे सम्झौता कार्यान्वयन नहुनु ।
- सबै मुक्त कमलरीहरुले समयमै परिचयपत्र नपाउनु ।
- घरबास नभएका मुक्त कमलरीलाई स्नातकोत्तर तहसम्मै छात्रावासमै बस्न पाउने व्यवस्था नहुनु ।
- मुक्त कमलरीहरुलाई शिक्षा, सिप, रोजगार र जमिन सहितको पुर्नस्थापनाको व्यवस्था नहुनु ।
- स्थानीय तहले मुक्त कमलरीको क्षमता विकास, सिप विकास र रोजगारका लागि पर्याप्त बजेट विनियोजन नगर्नु ।
- औजार र बिउ पूजीसहितको लामो अबधिको उन्नत सिपमुलक तालिम नहुनु ।
- घरबास र अभिभावक नभएका मुक्त कमलरीलाई जग्गा र आवासको व्यवस्था नहुनु ।
- मुक्त कमलरीलाई सिप, क्षमता र योग्यताका आधारमा रोजगारीको प्रबन्ध नहुनु ।
- मुक्त कमलरीले सञ्चालन गरेका सहकारीका लागि आबश्यक पूर्वाधार र संरचना नहुनु ।
- हत्या भएका, वेपत्ता पारिएका, यौनशोषणमा परेका, कुमारी आमा बनेका मुक्त कमलरी र उनीहरुका परिवारलाई न्याय र क्षतीपूर्तीका साथै दोषीलाई कार्वाही नहुनु ।
- कमलरी बस्दा यौन शोषणमा परी जन्मेका सन्ताको पहिचान, पालनपोषण र शिक्षाको व्यवस्था नहुनु ।

## ४.५. सुझाव तथा निष्कर्ष :

देश कमलरीमुक्त घोषणा भैसकेको छ, अब यसको प्रभावकारी कार्यान्वयन आबश्यक छ । तीनै तहका सरकारले कमलरीको शिक्षा, स्वास्थ्य, सिप, रोजगार र पुनर्स्थापनाका लागि आबश्यक रकम विनियोजन गरी कमलरी मुक्तीको घोषणालाई व्यवहारमा बदल्न जरुरी छ ।

कमलरी मुक्तिको काम गैरसरकारी संस्थाकै जिम्मा हो भनेर सरकारी निकाय पन्छिन मिल्दैन । कमलरी राख्ने र कमलरीमाथि बिभिन्न हिंशा गर्नेलाई कानूनी कारबाहीका लागि सरकार तत्पर हुनुपर्छ । मृतक, बेपत्ता र यौन शोषणमा परेका कमलरीका सवालमा सरकार गम्भीर हुनुपर्छ ।

कमलरी मृत्यु र बेपत्ताका विषयमा छानविन गरी दोषीलाई कारबाही गर्न सरकार तयार हुनुपर्छ । मालिकबाट बलात्कृत भई आमा बनेका र यौन हिंसामा परेका कमलरीलाई उचित पुनर्स्थापना गरी दोषीलाई कारबाही गर्नुपर्छ । सरकारले देशमा कानुनी राज्य भएको महसुस गराई मुक्त कमलरी र उनीहरूका परिवारलाई न्यायको प्रत्याभूती गराउनुपर्छ ।

मुक्त भएकामध्ये कतिपय कमलरीले अध्ययनमा राम्रो प्रगति हाँसिल गरेका छन् । कतिपयले व्यावसायिक शिक्षा लिइरहेका छन् । कतिले व्यवसाय नै गरिरहेका छन् । अझै पनि अधिकांश मुक्त कमलरी व्यवसाय गर्ने सोचमा छन् । यस्ता मुक्त कमलरीलाई सरकारले छात्रवृत्ति र आर्थिक सहयोगको व्यवस्था गर्नुपर्छ ।

कतिपय नेतृत्व विकासमा उदाहरणीय बनेका छन् । कतिपय सामाजिक सङ्घसंस्थामा क्रियाशील छन् । अहिले मुक्त कमलरी आफैले सहकारी सञ्चालन गरेर आयआर्जनका काम गरिरहेका छन् । यसलाई दीर्घकालीनरूपमा चलाइराख्न आबश्यक क्षमता विकास गरी सबलिकरण गर्नुपर्छ ।

नेपाल सरकार भूमी व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयद्वारा संबिधानसभा सदस्य श्याम श्रेष्ठको संयोजकत्वमा गठित कमैया, कमलरी, हलिया र हरवाचरवाको बस्तुस्थिती अध्ययन समितिले तयार पारेको 'अध्ययन प्रतिवेदन २०७८' मा सरकारले गर्नुपर्ने कामहरुबारे आठ बुँदे सुझाव दिइएको छ । जुन निम्न अनुसार छन् :

**१. सबै कमलरीलाई परिचयपत्रको व्यवस्था :**

परिचयपत्र पाउन बाँकी सम्पूर्ण कमलरीहरुलाई आगामी बर्षभित्रै स्थानीय तहको सक्रिय सहयोगमा पहिचान गर्ने तथा परिचयपत्र प्रदान गर्ने ।

**२. अभिभावकविहीन कमलरीलाई घरको व्यवस्था :**

आमाबुबा नभएका र घरबास पनि नभएका कमलरीलाई कमैया सरह स्थान हेरी १ देखि ५ कठ्ठा जमिन तथा घर निर्माण गर्नका लागि संघ सरकारले रु ६ लाख र प्रदेश सरकारले रु ३ लाख नगद प्रदान गर्ने । यसको स्रोत प्रदान गर्ने मूल जिम्मेवारी संघ तथा प्रदेश सरकारले लिने र कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिने ।

**३. सबै कमलरीलाई सीप तालिमको व्यवस्था :**

परिचयपत्र प्राप्त गरेका सबै कमलरीलाई उनीहरु आफैसित छलफल गरी सहजतापूर्वक रोजगारी मिल्ने र राम्रो पारिश्रमिक हाँसिल हुने प्रकृतिको सीप तालिम प्रदान गर्ने । सीप तालिमपछि कम्तीमा रु १ लाखको बीउ पुँजी र तालिमसँग सम्वन्धित औजार प्रदान गर्ने । लामो अवधिको सीप तालिमको सम्पूर्ण जिम्मेवारी प्रदेश सरकारलाई दिने । अल्पकालीन अवधिको सीप तालिमको जिम्मेवारी स्थानीय तहलाई दिने ।

**४. सीप जानेकालाई सीपको आधुनिकीकरण तालिम :**

कुनै न कुनै रोजगारयोग्य सीप पहिले नै जानेका कमलरीलाई आफ्नो सीप आधुनिकीकरण गर्न चाहेमा त्यस्तो तालिमका साथसाथै माथि भनिए अनुसारको बीउ पुँजी र औजार समेत प्रदान गर्ने ।

**५. कमलरीका सहकारीको लागि घुम्ती ऋण पुँजीको व्यवस्था :**

कमलरीले आपसी ऋण सहयोग, स्वविकास र स्वरोजगारीका लागि भनेर निर्माण गरेका सबै कमलरी समूह वा सहकारीलाई सहयोग गर्न लुम्बिनी र सुदूर पश्चिम प्रदेश सरकारले साझा घुम्तीकोषका लागि रु. ५०-५० लाखको नगद घुम्ती कोष सिर्जित गरिदिने । यसका लागि ५० प्रतिशत कोष संघ सरकारले र ५० प्रतिशत प्रदेश सरकारले हाल्ने नीतिगत व्यवस्था गर्ने । यही उद्देश्यका लागि स्थानीय सरकारले पनि हरेक सहकारीका लागि प्रारम्भमा रु २० लाखको दरले कोष खडा गरिदिने ।

**६. उच्च शिक्षासम्म निशुल्क शिक्षा दिने व्यवस्था :**

कमलरीको मुक्तीको मुख्य आधार शिक्षा र रोजगारी हुने देखिएकाले सबै कमलरीलाई उनीहरुको रुचि अनुसार स्नातकोत्तर तहसम्म रोजगारमूलक शिक्षाका साथसाथै ब्यावसायिक र प्राविधिक शिक्षा निशुल्क दिने व्यवस्था गर्ने । यसको जिम्मेवारी माध्यमिक शिक्षासम्म स्थानीय सरकारलाई र उच्च शिक्षासम्म प्रदेश सरकारलाई प्रदान गर्ने ।

**७. सम्पूर्ण छात्रावासको व्यवस्थापन खर्च र अभिभावकत्व सरकारको तर्फबाट हुने व्यवस्था :**

अब उप्रान्त उच्च शिक्षा, ब्यावसायिक र प्राविधिक शिक्षाको लागि छात्रावासमा रहेर अध्ययन गरिरहेका कमलरीको लागि खोलिएका ५ वटै छात्रावासको ७० प्रतिशत ब्यवस्थापन खर्च सम्वन्धित प्रदेश सरकारले ब्यहोर्ने नीति निर्माण गर्ने । यसका लागि ३० प्रतिशत खर्च स्थानीय सरकारले दिने नीति लिने । छात्रावासमा रहेर अध्ययन गरिरहेका सबै अभिभावकबिहीन कम्लहरीको आवास, खाना लगायत सम्पूर्ण छात्रावास खर्च र पकेट खर्च बापत मासिक एक हजार रुपयाँ र अभिभावकत्व स्थानीय सरकारले लिने नीतिगत ब्यवस्था गर्ने ।

**८. यौन हिंसाका दोषीलाई कडा दण्ड :**

यौन हिंसाको शिकार भएका वा यसबाट हत्या समेत भएका सबै कमलरीको सत्यतथ्य खोजवीन गरी दोषीलाई कानूनको कठघरामा उभ्याउन तथा कडा दण्ड दिन सरकारी उच्च अधिकारी, प्रहरीका उच्च अधिकारी र सरोकारवाला सम्मिलित एउटा ३-५ सदस्यीय अनुसन्धान संयन्त्र अविलम्व निर्माण गर्ने । त्यसले एक महिनाभित्र आफ्नो प्रतिवेदन बुझाउनुपर्ने व्यवस्था गर्ने । यसका लागि मन्त्रालयले गृह मन्त्रालयसित आवश्ययक अनुरोध र समन्वय गर्ने । बलात्कारका कारण पैदा भएका कमलरीका सन्तानका लागि पहिचान दिने र शिक्षादीक्षाको ब्यवस्था गर्ने । यसको जिम्मेवारी स्थानीय सरकार र प्रदेश सरकारलाई प्रदान गर्ने ।

पश्चिम तराईबाट कमलरी प्रथा कानूनीरुपमा मात्रै होइन व्यवहारिकरूपमै अन्त्य गरी मुक्त कमलरीको भबिस्य सुरक्षित गर्न माथि उल्लिखित समितिले दिएका सुझाव कार्यान्वयन गर्न आबश्यक देखिन्छ । उक्त सुझावहरुका साथै मुक्त कमलरीका वर्तमान समस्याहरुको बिश्लेषणका आधारमा सरकारले तत्काल निम्नानुसार कामहरु गर्न आबश्यक देखिन्छ :

- सबै मुक्त कमलरीलाई तत्काल परिचयपत्रको व्यवस्था गर्ने ।
- परिचयपत्रका आधारमा मुक्त कमलरीलाई बिभिन्न क्षेत्रमा सेवा र सहुलियत प्रदान गर्ने ।
- मुक्त कमलरीको छात्रवृत्ती स्नातकोत्तर तहसम्म व्यवस्था गरी समयानुकूल बृद्धि गर्ने ।
- छात्रावासमा बसेका मुक्त कमलरीलाई १२ महिनाकै पर्याप्त खर्चको व्यवस्था गर्ने ।
- कमलरीको हत्या, वेपत्ता र यौनहिंशा जस्ता घटनामा गम्भिर अनुसन्धान गरी दोषीलाई कार्वाही र पिडितलाई न्याय प्रदान गर्ने ।
- मुक्त कमलरीलाई सिप, क्षमता र योग्यताका आधारमा रोजगारीको व्यवस्था गर्ने ।
- रोजगारका लागि मुक्त कमलरीलाई आरक्षणको व्यवस्था गर्ने ।
- घरबास नभएका मुक्त कमलरीलाई स्नातकोत्तर तहसम्मै छात्रावासमै बस्न पाउने व्यवस्था गर्ने ।
- घरबास नभएका मुक्त कमलरीलाई जग्गा र आवासको व्यवस्था गर्ने ।
- संघ, प्रदेश र स्थानीय सरकारले मुक्त कमलरीको शिक्षा, स्वास्थ्य, क्षमता विकास, सिप विकास र रोजगारका लागि बजेट विनियोजन गरी कार्यान्वयन गर्ने ।
- स्थानीय तहले वडा कार्यालयमार्फत मुक्त कमलरीको निशुल्क शिक्षाको व्यवस्था मिलाउने ।
- मुक्त कमलरीले सञ्चालन गरेका सहकारीको दिगोपनाका लागि स्थानीय तहले जग्गा र भवनको व्यवस्था गरिदिने ।
- कमलरीको उद्धार र पुनर्स्थापनामा ध्यान दिंदै कमलरी राख्नेलाई कार्वाही प्रक्रियामा ल्याउने ।
- मुक्त कमलरीहरुलाई शिक्षा, सिप, रोजगार, जमिन र आवाससहितको पुर्नस्थापनाका लागि मुक्त कमलरी पुनर्स्थापना आयोग गठन गरी कार्यान्वयन गर्ने ।




# मुक्त कमलरी विकास मञ्च

## केन्द्रीय कार्यालय

घोराही उपमहानगरपालिका-१७, चौघेरा, दाङ
फोन : ०८२-५६१६९३
**Email :fkdfdang@gmail.com**